ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date:07.10.2025

---

*सिक्किमले सरकारी कर्मचारी र पेन्सनभोगीहरूको लागि महँगाई भत्ता बढायो*

सिक्किम सरकारले आफ्ना कर्मचारी र पेन्सनभोगीहरूको लागि महँगाई भत्ता र महँगाई राहतमा वृद्धि घोषणा गरेको छ, जुन 1 जनवरी 2025 देखि लागू हुनेछ। वित्त विभागले 7 अक्टोबर 2025 मा जारी गरेको परिपत्र अनुसार, पूर्व- संशोधित तलब लिनेहरूका लागि महँगाई भत्ता र महँगाई राहत 26 प्रतिशतबाट बढ़ाएर 252 प्रतिशत गरिएको छ, जबकि संशोधित तलब संरचना अन्तर्गतकाहरूको लागि, यो 53 प्रतिशत बाट बढ़ाएर 55 प्रतिशत गरिएकोछ। यो वृद्धि अनुबंधित कर्मचारीहरू वर्क चार्जद कर्मचारीहरू र अखिल भारतीय सेवा अधिकारीहरूमा पनि लागू हुन्छ। भुक्तानीमा मानक राउन्डिङ नियमहरू पालना गरिनेछ, जसले राज्यभरका हजारौं सरकारी कर्मचारीहरूलाई फाइदा पुऱ्याउनेछ।

---

*वर्षाको चिन्ताका कारण NHIDCL ले NH-10 मा भारी सवारी साधनहरू प्रतिबन्धित गऱ्यो*

सड़क यातायात तथा राजमार्ग मन्त्रालय अन्तर्गतको राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL) ले सेभोक र रम्फू बीचको राष्ट्रिय राजमार्ग-10 मा भारती व्यावसायिक सवारी साधनहरूको आवागमनमा प्रतिबन्ध लगाउने कार्यालय आदेश हिजो जारी गरेको छ।

यो प्रतिबन्ध 7 अक्टोबर 2025 देखि चार हप्तासम्म वा अर्को सूचना नभएसम्म प्रत्येक सोमबार, बुधबार र शुक्रबार बिहान 12 बजेदेखि राति 11:59 बजेसम्म लागू हुनेछ।

भारी वर्षाका कारण सुरक्षा चिन्ताका बीचमा यो निर्णय आएको हो।

यात्रुवाहक बसहरूको सञ्चालय जारी राख्न सकिन्छ।

जिल्ला प्रशासनहरूलाई सुचारू यातायात व्यवस्था सुनिश्चित गर्न भनिएकोछ।

---

*रिजिजुले मिरिकमा पहिरो स्थलको भ्रमण गरे, गैर- राजनीतिक सहायता प्रयासहरूमा जोड़ दिए*

केन्द्रीय संसदीय मामिला मन्त्री किरण रिजिजु र पश्चिम बंगाल विधान सभाका विपक्षी दलका नेता शुभेन्दु अधिकारीले दार्जिलिङका सांसद राजु बिष्टसँगै दार्जिलिङ जिल्लाको मिरिक उप-डिभिजन अन्तर्गत मेची धारा गाउँमा पहिरो प्रभावित क्षेत्रहरूको भ्रमण गरे। रिजिजुले

शोकसन्तप्त परिवारहरूप्रति समवेदना व्यक्त गरे र विपत्तिको समयमा राजनीतिलाई एक तिर राख्न आग्रह गर्ने पीडितहरूलाई सहयोग गर्न संयुक्त प्रयासको आवश्यकतामा जोड़ दिए। उनले प्रधानमन्त्री नरेन्द्र मोदीको शोक सन्देश बोकेका थिए र मिरिक- दार्जिलिङ र तराई डुवर्स क्षेत्रका पहिरो र बाढ़ी प्रभावित क्षेत्रहरूको गहन मूल्याङ्कन पछि विस्तृत सरकारी ब्रीफिंग प्रदान गरिने संकेत गरे । भ्रमणको क्रममा, उनीहरूले सौरेनी बजार सार्वजनिक भवनमा आश्र्यमा बसोबास गर्ने विस्थापित बासिन्दाहरूसँग पनि कुराकानी गरे, सरकारी सहयोगको आश्वासन दिँदै प्रभावितहरूलाई पर्याप्त सहयोग गर्ने वाचा पनि गरे ।

---

*सिक्कुन राष्ट्रीय सहकारी सम्मेलन*

सिक्किम राज्य सहकारी संघ ले यसै महीनाको 26 तारीख राष्ट्रीय सहकारी सम्मेलन आयोजना गरि रहेकोछ । सहकार से समृद्धि से सहकार भारत विषयवस्तुमा आयोजना हुने यस सम्मेलनमा केन्द्रिय सहकारिता एवम् गृह मन्त्री अमित शाह मुख्य अतिथिको रूपमा उपस्थित रहने जानकारी सिकुनका अध्यक्ष मंगल जीत राईले दिनुभएकोछ। कार्यक्रममा मुख्यमन्त्री प्रेम सिंह तामाङ विशिष्ट अतिथिको रूपमा उपस्थित रहनुहुनेछ । सम्मेलनमा सिक्किम राज्यका सबै सहकारी नेताहरूको सहभागिता रहने, श्री राईले जनाउनुभयो ।

---

*एस पि एस ए ले पदक विजेता मार्शल कलाकारहरूलाई सम्मान गऱ्यो ।*

सिक्किम पेन्काक सिलाट संघ ले कर्नाटकको कोप्पल जिल्लाको खेलो इन्डिया सेन्टरमा हालै आयोजित 13 औं सब जुनियर राष्ट्रिय पेन्काक सिलाट च्याम्पियनशिप 2025 मा सिक्किमको लागि पदक जित्ने आफ्ना मार्शल कलाकारहरूलाई आज सम्मान जनायो। च्याम्पियनशिपमा राज्यका लागि तीन सदस्यीय एस पि एस ए टोली एक स्वर्ण पदक, एक रजत पदक र एक कांस्य पदक लिएर स्वदेश फर्कियो । आज ह्वाइट हमला आयोजित एक संक्षिप्त सम्मान कार्यक्रममा राज्य खेलकुद विकास बोर्डका अध्यक्ष रिन्जिङ वाङ्ग्याल छोपेल भुटिया प्रमुख अतिथिको रूपमा उपस्थित थिए , साथैमा खेलकुद तथा युवा मामिला विभागका अतिरिक्त निर्देशक डा. आरबी विश्वकर्मालगायत अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थित रहेको थियो ।

---

*पाक्योङ जिल्लामा परम्परागत धनुर्विद्या प्रतियोगिता सम्पन्न*

राज्यस्तरीय खेलकुद गतिविधि 2025 को एक भागको रूपमा आयोजित परम्परागत धनुर्विद्या प्रतियोगिता आज पाकिम जिल्लाको कार्थोक धनुर्विद्या रेन्जमा सम्पन्न भयो । यो प्रतियोगिता पाकिम जिल्लाको खेलकुद तथा युवा मामिला विभागद्वारा आयोजना गरिएको थियो । शिक्षा, खेलकुद तथा युवा मामिला, कानून तथा संसदीय मामिला मन्त्री तथा नाम्चेबोङका विधायक राजु बस्नेतले प्रमुख अतिथिको रूपमा कार्यक्रममा उपस्थिति जनाउनुभयो ।

---

## *वाल्मीकि जयन्ती*

आज देशका विभिन्न भागहरूमा वाल्मीकि जयन्ती मनाइँदैछ। यो दिन रामायणका रचयिता महर्षि वाल्मीकिको जन्मजयन्ती हो । महर्षि वाल्मीकिलाई आदि कवि वा संस्कृत भाषाका प्रथम कविको रूपमा पनि सम्मान गरिन्छ। वाल्मीकि सम्प्रदायका सदस्यहरूले पनि उनलाई भगवानको दूतको रूपमा सम्मान गर्छन् र परगत दिवसलाई ठूलो भक्तिभावका साथ मनाउँछन् । यस अवसरलाई मनाउन शोभा यात्रा पनि निकालिन्छ।

---

## *श्री लालूबहादुर छेत्रीले मंगन जिल्लाका एस पी को रूपमा पदभार ग्रहण गर्नुभयो*

श्री लालबहादुर छेत्रीले आज मंगन जिल्लाको पुलिस अधीक्षकको रूपमा औपचारिक रूपमा पदभार ग्रहण गर्नुभयो । उहाँको औपचारिक प्रवेशको अवसरमा जिल्ला पुलिसले सम्मान गारत प्रस्तुत गरेको थियो।

उहाँको प्रवेशले जिल्ला पुलिस प्रशासनको नेतृत्वको नयाँ चरणको सुरूवात भएको संकेत गर्दछ, जसको उद्देश्य यस क्षेत्रमा कानून व्यवस्था कायम राख्नु र सामुदायिक प्रहरीलाई सुदृढ पार्नु हो।

---